# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७८।१२।२९ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहरा, सुनसरी अन्तर्गत अनियमितता गरी सार्वजनिक सम्पत्ति हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा क्षेत्रीय अनुसन्धान केन्द्र, बंङ्गुर अनुसन्धान इकाईमा इकाई प्रमुखको रुपमा कार्यरत रामदेव पण्डित, सहायक कर्मचारीहरुमा शकुन्तला राई र प्रकाश कुमार यादव तथा बंङ्गुर बेच्नका लागि प्रयोग हुने Culling Card मा हस्ताक्षर गर्ने अन्य कर्मचारीहरु लेखा अधिकृत सोभितलाल यादव, लेखा अधिकृत तिलक राजबंशी, स्टोर प्रमुख तथा प्रशासन प्रमुख कृष्ण प्रसाद पोखरेल र क्षेत्रीय निर्देशक हरि कृष्ण श्रेष्ठको मिलेमतोमा बङ्गुर बिक्री गर्दा हुनुपर्ने औसत र न्यूनतम तौलभन्दा पनि कम तौल देखाई बिक्री गरी रु. ७,००,०००।— हिनामिना गरी आफूलाई फाइदा र नेपाल सरकारलाई नोक्सानी गरेको देखिन आएकोले निजहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन इकाई प्रमुख बरिष्ठ बैज्ञानिक (एस३) हाल अवकाश प्राप्त रामदेव पण्डित | तत्कालीन क्षेत्रीय अनुसन्धान केन्द्र, तरहरा, सुनसरीको बंङ्गुर अनुसन्धान इकाई | रु.७,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निजउपर ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगोसमेत निजबाट असुलउपर गरी पाउन मागदाबी लिइएको छ । |
| २. | प्राविधिक अधिकृत (टि६) शकुन्तला राई | तत्कालीन क्षेत्रीय अनुसन्धान केन्द्र, तरहरा, सुनसरीको बंङ्गुर अनुसन्धान इकाई हाल राष्ट्रिय बंङ्गुर अनुसन्धान कार्यक्रम, पाखिवास, धनकुटा | रु.६,३१,२००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निजउपर ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगोसमेत निजबाट असुलउपर गरी पाउन मागदाबी लिइएको छ । |
| ३. | प्राविधिक सहायक (टी५) प्रकाश कुमार यादव | तत्कालीन क्षेत्रीय अनुसन्धान केन्द्र, तरहरा, सुनसरीको, बंङ्गुर अनुसन्धान इकाई हाल कृषि अनुसन्धान निर्देशनालय, प्रदेश नं. १ तरहरा सुनसरी | रु.३,३८,२४०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निजउपर ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ । |
| ४. | बरिष्ठ बैज्ञानिक (एस४) निर्देशक हरिकृष्ण श्रेष्ठ | तत्कालीन क्षेत्रीय अनुसन्धान केन्द्र, तरहरा, सुनसरी हाल राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान, खुमलटार, ललितपुर | रु.३,५२,४८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निजउपर ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगोसमेत निजबाट असुल उपर गरी पाउन मागदाबी लिइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ५. | तत्कालीन लेखा अधिकृत सोभितलाल यादव | तत्कालीन क्षेत्रीय अनुसन्धान केन्द्र, तरहरा, सुनसरी | रु.३,१८,७२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निजउपर ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगोसमेत निजबाट असुल उपर गरी पाउन मागदाबी लिइएको छ । |
| ६. | लेखा अधिकृत (एट६) तिलक राजबंशी | तत्कालीन क्षेत्रीय अनुसन्धान केन्द्र, तरहरा, सुनसरी हाल कृषि अनुसन्धान केन्द्र, पाखिवास, धनकुटा | रु.३,१०,२४०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निजउपर ऐ. ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगोसमेत निजबाट असुल उपर गरी पाउन मागदाबी लिइएको छ । |
| ७. | प्रशासकीय अधिकृत/स्टोरकिपर (एट६) कृष्ण प्रसाद पोखरेल | तत्कालीन क्षेत्रीय अनुसन्धान केन्द्र, तरहरा, सुनसरी हाल कृषि अनुसन्धान निर्देशनालय, प्रदेश नं. १ तरहरा सुनसरी | रु.७,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निजउपर ऐ. ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगोसमेत निजबाट असुल उपर गरी पाउन मागदाबी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी